नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# सूचना तथा प्रसारण विभाग

सञ्चारग्राम, काठमाण्डौं

(प्रशासन तथा प्रेस शाखा)

फोनः ४११२५५४
४११२७१७
फ्याक्सः ४११२६५२
ईमेल:pressdoi8@gmail.com

प.सं.: २०७७/०७८
च.नं.: ८८(8)

मिति:२०७७।०४।२६

श्री सम्पादकज्यू,
वर्गीकरणमा परेका सबै पत्रपत्रिकाहरु ।

विषयः विज्ञापनको नमूना पठाइएको सम्बन्धमा ।

नेपाल सरकारले वर्गीकरणमा परेका पत्रपित्रकाहरुलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराउँदै आएको व्यहोरा अवगत नै छ । यसै सिलसिलामा प्रेस काउन्सिल नेपालको प.सं. ०७७/७८, च.नं. १२३, मिति २०७७।०४।२३ को पत्रानुसार लैङ्गिक हिंसासँग सम्बन्धित घटनाहरु बलात्कार, यौनजन्य दुर्व्यवहार, जबरजस्ती करणीको प्रयासजस्ता आपराधिक घटनाहरु सामाजिक सञ्जाल र सञ्चारमाध्यमबाट सार्वजनिक गर्दा अपनाउनु पर्ने गोपनियता, गाम्भिर्यता र संवेदनशीलतालाई मध्यनजर गर्दै चेतना मूलक सन्देशहरु प्रचार प्रसार गर्न अनुरोध भई आएको हुँदा देहायको सूचना प्रचार/प्रसारको लागि सम्पूर्ण वर्गिकृत पत्रपत्रिकारुले तुरुन्त प्रकाशन गर्ने व्यवस्था गर्नु हुन मिति २०७७।०४।२६ को निर्णय अनुसार अनुरोध छ।

केशव राज शर्मा
शाखा अधिकृत

बोधार्थः

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री प्रेस काउन्सिल नेपाल, सञ्चारग्राम काठमाडौं ।
श्री सातै प्रदेश मुकाममा रहेका हुलाक सेवा निर्देशनालय/कार्यालयहरु ।

२०७७।०४।२६

**पत्रकार आचारसंहिता र बालमैत्री सञ्चार निर्देशिकाको पालना गरौं ।**

**महिला, बालबालिकाका समाचारमा प्रकाशन र प्रसारणगर्दा सावधानी अपनाऔं ।।**

- *लैङ्गिक हिंसा सम्बन्धी यौनजन्य दुर्व्यवहार, बलात्कार, जबरजस्ती करणीको प्रयास जस्ता आपराधिक घटनाहरू सामाजिक सञ्जाल, सञ्चार माध्यमहरूबाट सार्वजनिक गर्दा गोपनीयता, गाम्भिर्यता र संवेदनशीलताको ख्याल गरी महिला तथा किशोरीहरूको सम्मानित जीवन बाँच्न पाउने अधिकार हनन् हुने किसिमबाट सामग्रीको सम्प्रेषण तथा प्रचार प्रसार नगरौं ।*

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

१

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

२

## पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं ।

**समाचार प्रकाशन/प्रसारण गर्दा महिला र बालबालिकाका संवेदनशीलतालाई ध्यान दिऔं ।।**

**पत्रकार र सञ्चारमाध्यमले हिंसा, आतंक, अश्लिलता र अपराधलाई प्रश्रय दिने गरी समाचार सम्प्रेषण नगरौं ।।**

पत्रकार तथा सञ्चारमाध्यमले हिंसा, र अपराधलाई प्रश्रय दिने वा आत्महत्या गर्न उक्साउने, अश्लिल, सावर्जनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा त्रास उत्पन्न गर्ने किसिमका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**